# सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशित मिति २०७९/०२/०४**

यस बैंकले आगामी २ वर्ष (आ.व. २०७९।०८० र आ.व. २०८०।०८१) को लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित वस्तु तथा सेवाको कारोबार गर्ने फर्म/कम्पनीहरुको सूची तयार गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म/कम्पनीलाई आफुले उपलब्ध गराउने वस्तु तथा सेवाहरुको विवरण सहित आवेदनको साथ यस बैकमा रु.१,०००/- (फिर्ता नहुने गरी) जम्मा गरिएको सक्कल भौचर र तपसिलमा उल्लिखित कागजात संलग्न गरी खामको बाहिरपट्टि आपूर्ति गर्न प्रस्ताव गरेको वस्तु एवं प्रदान गर्ने सेवाहरुको बारेमा प्रष्ट खुलाई खामबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, कुपण्डोल, सामान्य सेवा विभागमा र शाखा कार्यालयहरुमा (शाखा स्तरिय धितो मुल्यांकनकर्ताले मात्र) प्रस्ताव दर्ता गराउन आह्वान गरिन्छ ।

**वस्तु तथा सेवाको विवरण :**

**१) स्टेसनरी तथा मसलन्द छपाई तथा आपूर्ति**

- स्टेशनरी सामान, चेक तथा चेक कभर, वार्षिक प्रतिवेदन बुलेटिन, क्यालेण्डर, कपी, डायरी, डटपेन, डिपोजिट भौचर, लेटरप्याड, जनरल भौचर, तमसुक, फ्लेक्स, साइनबोर्ड छपाई तथा अन्य स्टेशनरी सामाग्री आपूर्ति)

**२) इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु खरिद तथा मर्मत सम्बन्धी**

- कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर,(कार्टेज, रिबन, टोनर, रिफिलिङ आदि), CCTV, Alarm System, Telephone Sets, Firealarm, अग्नी रक्षक , फोटोकपी, फ्याक्स, एयर कन्डिसन, स्टेवलाइजर, जेनेरेटर, नोट काउन्टीङ्ग मेशिन, फेक नोट डिकेक्टर, Networking Equipment, Connectivity / Services ,Optical Fiber (Link) Hardware, Software, IT Support / Maintenance, AC, UPS, Battery आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपूर्जाहरु आपूर्ति तथा मर्मत सम्भार समेतका कार्यहरु

**३) फर्निचर तथा फिक्सचर्स खरिद तथा मर्मत सम्वन्धी**

- अफिस फर्निचर (मेटल तथा काठको) तथा फिक्सचर्स (फाइलिङ्ग क्याविनेट, स्ट्रङ्ग रुम ढोका, भल्ट रुम सामान, फायर प्रुफ सेफ क्याविनेट, लकर आदि) आपूर्ति तथा मर्मत सम्भार

**४) विमा सेवा**

- स्वास्थ्य विमा, दुर्घटना विमा, BBI Policy, स्थीर सम्पती तथा सवारी साधन विमा लगायतका आवश्यक अन्य विमा

५) विज्ञापन सेवा
६) सुरक्षा गार्ड तथा कार्यालय सहयोगी आपूर्ति
७) ड्राईभर सेवा आपुर्ती
८) कार्यालय सरसफाई सम्बन्धी
९) धितो मुल्याङ्कनकर्ता
१०) खानेपानी (मिनरल वाटर) आपूर्ति
११) कुरियर सेवा (आन्तरिक तथा बाह्य)
१२) ट्राभल्स एण्ड टुर र हवाई टिकट (आन्तरिक तथा बाह्य) सम्वन्धि सेवा

**(सूचिकृत सम्बन्धी अन्य विस्तृत जानकारीहरु फाराममा उल्लेख गरिएको छ ।)**

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

## शर्त तथा बन्देजहरु

१. सुचिकरणको लागि पेश हुन आएको निवेदनसँग विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएको विक्रेता आपूर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) मात्र सुचिकृत गरिने छ ।

२. सुचिकृत हुनको लागि आवेदनमा सबै वा कुन कुन सामानहरु आपूर्ति र मर्मत कार्य गरिने हो खुलाउनु पर्नेछ ।

३. सूचिकृत भएकाहरु मध्येबाट सामान तथा सेवाहरु आवश्यकता अनुसार सोझै खरिद, कोटेशन वा शिलवन्दी कोटेशन माध्यमबाट खरिद गरिने छ । तर सुचिकृत भएका सबै विक्रेता आपूर्तिकर्ता (फर्म, कम्पनी) बाट सामान वा सेवा खरिद गर्न बैंक बाध्य हुनेछैन । सुचिकृत सेवा प्रदायक, आपुर्तिकर्ताबाट उपलब्ध हुन नसकेमा वा दरभाउ बढी भएमा वाह्य आपुर्तिकर्ताबाट नियमानुसार सेवा लिइने छ ।

४. कुनै गुणस्तरीय वा ब्राण्डको सामानको मूल्य सुचिकृत नभएकाबाट कम मूल्यमा उपलब्ध भएमा सोही सेवा प्रदायक बिक्रेताबाट खरिद गर्न सकिने छ ।

५. बैंकले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सुचिकृत भएका/नभएका अन्य संस्था र कम्पनीले पनि भाग लिन पाउने गरी कार्य गर्न सक्नेछ ।

६. बिक्रेता वा आपूर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) सूचिकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

७. सुचिकृत भएका विक्रेता, कम्पनी, फर्महरुबाट बैंकको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्वारा भाग लिन अनुरोध गरिनेछ ।

८. यस सम्वन्धि थप जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय कुपण्डोल ललितपुर **फोन नं.०१-५१८०१८२** मा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

९. आवेदनको साथ राष्ट्रिय सहकारी बैंक लिमिटेडमा **रु.१०००/- (फिर्ता नहुने गरी)** जम्मा गरिएको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

१०. सूची दर्ताको लागि आवश्यक कागजात यस बैंकको केन्द्रीय कार्यालय लगाएत सम्पुर्ण शाखा कार्यालयमा बुझाउन सकिनेछ ।

११. प्रत्येक सेवाको लागि छुट्टाछुट्टै फारम भरी प्रत्येक सेवाको लागि तोकिएको शुल्क साथ पेश गर्नुपर्ने छ ।

१२. सुचिकृत सम्बन्धी सम्पुर्ण अधिकार **बैंकमा निहित रहनेछ** साथै सुचिकृतको निर्णय पश्चात सो को जानकारी सम्बन्धीत फर्मलाई गराइनेछ ।

१३ सुचिकृत दर्ता फारम यस बैंकको **शाखा कार्यालय** वा **केन्द्रिय कार्यालय**बाट प्राप्त गर्न सकिनेछ ।

## संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

| दर्ता हुन चाहेको समुह | आवश्यक कागजात |
|---|---|
| **सुचना अनुरुप क.सं १,२,३,५,८,१०,११ र १२ को लागि)** | • पुर्ण रुपमा भरिएको दर्ता फारम<br>• कम्पनी दर्ता प्रमाणपत्र,<br>• स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,<br>• गत वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• कम्पनीको अनुभव सम्बन्धी कागजात<br>• कम्पनीको प्रोफाइलका प्रतिलिपि सहितको खामबन्दी आवेदन<br>• सम्पर्क व्यक्तिको नागरिकताको कपी<br>• अन्य व्यवसाय अनुरुपको कानुनी प्रमाण भएमा |
| **सुचना अनुरुप (क.सं ९ धितो मुल्याङ्कनकर्ता को लागि)** | • पुर्ण रुपमा भरिएको दर्ता फारम<br>• कम्पनी दर्ता प्रमाणपत्र, (नविकरण भएको)<br>• स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,<br>• करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• कम्पनीको अनुभव सम्बन्धी कागजात, र प्रोप्राईटरको शैक्षिक योग्यताको प्रतिलिपि<br>• कम्पनीको प्रोफाइल तथा व्यक्तिगत विवरण सहितको खामबन्दी आवेदन<br>• सम्पर्क व्यक्तिको नागरिकताको कपी<br>• नेपाल इन्जिनियरिङ्ग परिषदबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि<br>• नेपाल भ्यालुअर्स एसोसियसनको प्रमाणपत्रको प्रतिलिपि |
| **सुचना अनुरुप (क.सं ६,७ को लागि)** | • पुर्ण रुपमा भरिएको दर्ता फारम<br>• कम्पनी दर्ता प्रमाणपत्र प्रतिलिपि<br>• स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र प्रतिलिपि<br>• करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• कम्पनीको अनुभव सम्बन्धी कागजात,<br>• कम्पनीको प्रोफाइलका प्रतिलिपि सहितको खामबन्दी आवेदन<br>• सम्पर्क व्यक्तिको नागरिकताको कपी<br>• नेपाल भर रहेको श्रम स्वीकृती सम्बन्धी कागजात, प्रतिलिपि |
| **सुचना अनुरुप (क.सं ४(विमा) को लागि)** | • पुर्ण रुपमा भरिएको दर्ता फारम<br>• कम्पनी दर्ता प्रमाणपत्र,<br>• स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,<br>• करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>• कम्पनीको अनुभव सम्बन्धी कागजात,<br>• कम्पनीको प्रोफाइलका प्रतिलिपि सहितको खामबन्दी आवेदन<br>• सम्पर्क व्यक्तिको नागरिकताको कपी<br>• वीमा स्वीकृती सम्बन्धी कागजात (वीमा समितीको स्वीकृतीपत्र) |